


# अर्जेन्टिना र मेसीको परीक्षा

समूह 'डी' ग्रुप अफ डेथको रूपमा रहेको बताइँदै आएको छ। हुन त समूह 'बी' मा पोर्चुगल र स्पेन एकै समूहमा छन् तर अन्य टिमको तुलनामा यो दुई टिम दोस्रो चरणमा सजिलै जाने अनुमान गारिएको छ। यसै कारणले अन्य समूहको तुलनामा समूह 'डी' लाई 'ग्रुप अफ डेथ' मान्न सकिन्छ।

आइसल्यान्ड, क्रोसिया र नाइजेरियाले दुईपटकको विश्व विजेता अर्जेन्टिनालाई कडा टक्कर दिनेछन्। पहिलोपटक विश्वकपममा छनोट भएको आइसल्यान्डको अन्तिम १६ मा जाने सम्भावना छैन भनेर यसै भन्न सकिँदैन। क्रोसियालाई विश्व फुटबलको 'डार्क हर्स' को रूपमा लिइन्छ। यद्यपि यो समूहमा अर्जेन्टिना र क्रोसियाबीच नै मुख्य लडाइँ हुने अनुमान गारिएको छ। धेरैले अर्जेन्टिना सहजै समूह विजेता भएर अन्तिम १६ मा स्थान पक्का गर्ने अनुमान गारेका छन्।

## अर्जेन्टिना

पछिल्लो विश्वकप : उपविजेता, ब्राजिल २०१४
उत्कृष्ट प्रदर्शन: विश्वविजेता, १९७८ र १९८६
म्यानेजर: जोर्ज साम्पोली
हालको फिफा वरियता: ५
सम्भावित फर्मेसन : ४-३-३

### विश्वकप यात्रा

अर्जेन्टिनाले निकै कठिन परिस्थितिमा गुज्रिएर रसिया विश्वकपको टिकट काटेको थियो। दक्षिण अमेरिकी क्षेत्रबाट अर्जेन्टिना अन्तिम खेलमा जित हात पार्दै विश्वकपमा छनोट भएको हो। अन्तिम खेलमा इक्वेडरलाई ३-१ ले हराएर पेरूलाई प्लेअफमा पठाउँदै अर्जेन्टिना रसिया विश्वकपमा सोझै छनोट भएको हो। छनोट चरणमा संघर्षपूर्ण यात्रा तय गरेर रसिया पुगे पनि अर्जेन्टिनाले आफ्नो खेलमा व्यापक सुधार गर्नुपर्ने देखिन्छ। स्टार खेलाडीले भरिएको अर्जेन्टिनाको पछिल्ला प्रदर्शनले दर्शकलाई निकै निराश बनाएको थियो। मुख्यत: लियोनेल मेसीमाथि भर पर्दा टिमका अन्य खेलाडीको प्रदर्शन ओझेलमा पनि परेको छ। आफ्नो क्षमताअनुसार प्रदर्शन गरे अर्जेन्टिना यस समूहबाट सजिलै दोस्रो चरणमा पुग्न सक्छ अन्यथा आइसल्यान्ड र नाइजेरियाको 'सरप्राइज फ्याक्टर' को शिकार अर्जेन्टिना हुन सक्दछ।

### म्यानेजर

जोर्ज सम्पोलीले ब्राजिल विश्वकपमा चिलीलाई २०१४ मा नकआउट चरणमा पुराएका थिए। तिनै सम्पोलीले २०१८ को विश्वकपमा अर्जेन्टिनाको नेतृत्व गर्दै छन्। २०१४ को विश्वकपपछि तेस्रो प्रशिक्षकका रूपमा सम्पोलीले अर्जेन्टिनाको लामो समयदेखिको उपाधि भोक पूरा गर्ने अभियानमा छन्।

### महत्वपूर्ण खेलाडी

अर्जेन्टिनाका क्याप्टेन लियोनल मेसी सर्वकालीन फुटबलरमध्ये उत्कृष्ट खेलाडी हुन्। उनी अर्जेन्टिनाको मुख्य हतियारसमेत हुन्। उनले विश्वकप छनोट चरणमा ७ गोल गरेका थिए। अर्जेन्टिना विश्वकपमा छनोट हुने वा नहुने दोधार रहेका बेला उनै मेसीले नै इक्वेडरविरुद्ध ३ गोल गरेका थिए। अर्जेन्टिनालाई विश्वकप दिलाएर अन्तराष्ट्रिय फुटबलबाट संन्यास लिने तरखरमा छन् उनी। यो अभियानमा उनलाई आक्रमणमा पाउलो डिबाला, गोन्जालो हिगुइन र सर्जियो अग्युरोले साथ दिनेछन्।

## आइसल्यान्ड

पछिल्लो विश्वकप
पहिलो सहभागिता
उत्कृष्ट प्रर्दशन
पहिलो सहभागिता
म्यानेजर : हेइमिर हलगिमसन
क्याप्टेन : आर्न गुन्नर्सन
हालको फिफा वरीयता : २२
सम्भावित फर्मेसन : ४-४-२

### विश्वकप यात्रा

युरोपियन क्षेत्रको समूह 'आई' को शीर्ष स्थानमा रहँदै आइसल्यान्डले विश्वकप यात्रा तय गरेको हो। क्रोसिया र टर्कीलाई पछि पार्दै आइसल्यान्ड समूह विजेता भएको थियो। त्यस क्रममा आइसल्यान्डले १८ खेलमा ३ खेल मात्रै हारेको थियो। गत युरोकपमा इंग्ल्यान्ड र अस्ट्रियालाई पराजित गरेर क्वार्टरफाइनलसम्म पुगेको आइसल्यान्ड ठूलो 'सरप्राइज' दिने क्षमता राख्ने टिम हो। युरोपको थोरै जनसंख्या भएको यो देशले आगामी विश्वकपमा पनि ठूलो उलटफेर ल्याउने अनुमान सबैले गरेका छन्।

### म्यानेजर

हेइमिर हलगिमसन त्यस्ता प्रशिक्षक हुन्, जसले आइसल्यान्डलाई इतिहासमै पहिलोपटक विश्वकपमा छनोट गराए। आइसल्यान्ड विश्वकप खेल्ने सबैभन्दा कम जनसंख्या भएको देश हो। यो देशको जनसंख्या करिब ३ लाख ५० हजार मात्रै छ।

### महत्वपूर्ण खेलाडी

आर्न गनुर्सन आइसल्यान्डको पहिलो विश्वकप उपस्थितिमा टिमको नेतृत्वकर्ता हुन्। उनीसामु आइसल्यान्डलाई अन्तिम १६ मा स्थान बनाउन उत्कृष्ट प्रदर्शन गर्ने जिम्मेबारी छ। यस्तै गिल्फी सिगडर्सन आइसल्यान्डका अनुभवी मिडफिल्डर हुन्। उनी इंग्लिस प्रिमियर लिगमा विगत ५ वर्षदेखि खेलिरहेका छन्। उनले ५५ अन्तर्राष्ट्रिय म्याचमा १८ गोल गरिसकेका छन्। बर्नेलीका विंगर जोहानवर्ग क्षमतावान् खेलाडी हुन्। उनले पनि विश्वकपमा प्रभावशाली प्रदर्शन गर्ने अपेक्षा गरिएको छ।

# फ्रान्सविरूद्ध अस्ट्रेलिया

## फ्रान्स

पछिल्लो विश्वकप : क्वार्टरफाइनल, ब्राजिल २०१४
उत्कृष्ट प्रदर्शन : उपाधि विजेता (१९९८)
म्यानेजर : डिडिएर डेस्च्याम्प
कनफडेरेसन : यूईएफए
क्याप्टेन: ह्युगो लरिस
हालको फिफा वरीयता : ७
सम्भावित फर्मेसन : ४-३-३

### विश्वकप यात्रा

युरोपियन क्षेत्रको छनोट चरणमा फ्रान्स समूह 'बी' को शीर्ष स्थानमा रहँदै रसिया विश्वकपमा छनोट भएको हो। फ्रान्सले विश्वकप छनोट चरणमा उत्कृष्ट प्रदर्शन गरेको थियो। यो समूहको सबैभन्दा शक्तिशाली टिम फ्रान्स हो। फ्रान्स अन्तिम १६ मा प्रवेश गर्ने सम्भावना अधिक छ। पेरू, डेनमार्क र अस्ट्रेलियाबीच अन्तिम १६ मा प्रवेश गर्न भने कडा प्रतिस्पर्धा हुनेछ।

### म्यानेजर

२०१२ मा फ्रान्सको राष्ट्रिय टोली सम्हालेका डिडिएर डेस्च्याम्पले २०१४ मा विश्वकपको क्वार्टरफाइनल र २०१६ मा भएको युरोकपमा फ्रान्सलाई फाइनलसम्म पुराएका थिए। उनले विश्व चर्चित खेलाडीहरूलाई एकीकृत गरेर बलियो र सन्तुलित टोली बनाएका छन्। उनीमाथि फ्रान्सले निकै ठूलो विश्वास गरेको छ।

### महत्वपूर्ण खेलाडी

पाउल पोग्बा त्यस्ता खेलाडी हुन्, जसले विपक्षीसँग एक्लै खेल्ने क्षमता राख्छन्। उनले आफ्नो क्लबका लागि पनि यस्तो गर्दै आएका छन्। उनले विश्वकपमा पनि उत्कृष्ट प्रदर्शन गर्ने अपेक्षा गरिएको छ। एन्टोनी ग्रिजम्यान अर्का हेर्न लायक खेलाडी हुन्। एथ्लेटिको मेड्रिडबाट यो सिजन युरोपा लिग जितेका उनी उत्कृष्ट लयमा छन्। उनको फर्म जारी रहँदा उनले विश्वकपमा उत्कृष्ट प्रदर्शन गर्न सक्छन्। फ्रान्ससँग केलियन बाप्पे पनि छन्। उनले पेरिस सेन्ट जर्मनबाट उत्कृष्ट प्रदर्शन गर्दै आएका छन्। पहिलोपटक विश्वकप खेल्न लागेका उनले उत्कृष्ट प्रदर्शन गर्दै गहिरो छाप छोड्ने अपेक्षा गरिएको छ।

## अस्ट्रेलिया

पछिल्लो विश्वकप : समूह चरण, ब्राजिल २०१४
उत्कृष्ट प्रदर्शन : अन्तिम १६, २००६
म्यानेजर : बर्ट भान मारवाजी
क्याप्टेन : माइल जेडेनक
हालको फिफा वरीयता : ३६
सम्भावित फर्मेसन : ४-३-२-१

### विश्वकप यात्रा

एसियाली क्षेत्रको छनोट चरणको समूह 'बी' मा रहेको थियो अस्ट्रेलिया। अस्ट्रेलिया समूहको तेस्रो स्थानमा रहेको थियो। सिरिया र होन्डुरससँगको प्लेअफमा जित निकाल्दै अस्ट्रेलिया रसिया विश्वकपमा छनोट भएको हो।

### म्यानेजर

२४ जनवरी २०१८ मा बर्टलाई अस्ट्रेलियाले राष्ट्रिय टोलीको प्रशिक्षकमा नियुक्त गरेको थियो। उनले विश्वकपमा सम्मानजनक अन्त्य गर्ने कोशिस गर्नेछन्। विश्वकप सकिएलगत्तै नेदरल्यान्ड्सका पूर्वप्रशिक्षक ग्राहम अर्नोल्डले उनलाई स्थापन्न गर्ने बताइएको छ।

### महत्वपूर्ण खेलाडी

हडर्सफिल्ड टाउनका मिडफिल्डर हारुन मोय अस्ट्रेलियाका महत्त्वपूर्ण खेलाडी हुन्। २७ वर्षीय उनले आफ्नो फर्मलाई जारी राख्ने हो भने विश्वकपमा उत्कृष्ट प्रदर्शन गर्नेछन्। कप्तान माइल जेडेनक अस्ट्रेलियाका रचानात्मक मिडफिल्डर हुन्। उनले पनि विश्वकपमा उत्कृष्ट प्रदर्शन गर्ने सम्भावना छ।

# अंक तालिका

समूह 'ए'

| टोली | MP | W | D | L | GF | GA | PTS |
|---|---|---|---|---|---|---|---|
| रुस | १ | १ | - | - | ५ | ० | ३ |
| उरुग्वे | १ | १ | ० | ० | १ | ० | ३ |
| इजिप्ट | १ | ० | ० | १ | ० | १ | ० |
| साउदी अरेबिया | १ | - | - | १ | ० | ५ | ० |

समूह 'बी'

| टोली | MP | W | D | L | GF | GA | PTS |
|---|---|---|---|---|---|---|---|
| मोरक्को | ० | ० | ० | ० | ० | ० | ० |
| इरान | ० | ० | ० | ० | ० | ० | ० |
| पोर्चुगल | ० | ० | ० | ० | ० | ० | ० |
| स्पेन | ० | ० | ० | ० | ० | ० | ० |

# आजको खेल

फ्रान्स Vs (सी) अस्ट्रेलिया
समय : बेलुकी ३:४५ बजे/ स्थान : कजान एरेना, कजान

अर्जेन्टिना Vs (डी) आइसल्यान्ड
समय : बेलुकी ६:४५ बजे/ स्थान : अत्कृति एरेना, मस्को

पेरु Vs (सी) डेनमार्क
समय : बेलुकी ९:४५ बजे/ स्थान : मार्डोभिया एरेना, सारानस्क

क्रोयसिया Vs (डी) नाइजेरिया
समय : बेलुकी १२:४५ बजे/ स्थान : कालिनिन्ग्राड स्टेडियम, कालिनिन्ग्राड

# पेरू भन्दा डेनमार्क बलियो

फिफा वरीयतामा दुवै टोलीमा धेरै दूरी छैन। पेरू ११औं स्थानमा छ भने युरोपियन राष्ट्र डेनमार्क १२औं स्थानमा रहेको छ। डेनमार्कको विश्वकपमा अनुभव धेरै नभए पनि १९९८ विश्वकपमा क्वार्टरफाइनलसम्म पुगेको थियो। क्रिस्टियन इरिक्सनका



सनसनी ह्याट्रिकले गर्दा डेनमार्क रुसमा पुगेको हो। युरोपियन छनोटअन्तर्गत प्लेअफमा रिपब्लिक आयरल्यान्डलाई ५-१ ले हराउन इरिक्सनले महत्त्वपूर्ण भूमिका खेलेका थिए। टोटनहामका लागि यी खेलाडीले १४ गोल गरेका थिए।

त्यस्तै विश्वकपमा समूहबाट शीर्ष भएर छनोट भएको पोल्यान्डलाई पनि डेनमार्कले हराएको थियो। यसैले पनि पेरूका लागि डेनिस टोलीलाई पन्छाउन यस्तै उच्चस्तरको खेल पस्कनुपर्ने हुन्छ। विश्वकप १९७० मा क्वार्टरफाइनलसम्म पुग्न सफल पेरूको एक बलियो आधार भनेको सन् २०१६ देखि १५ खेलमा अपराजेय रहेको हो। कमजोरी भनेको प्रतियोगितामा त्यति अनुभव लिन नपाएको हो।

# यस्तो पनि भयो

(स्रोत: साधना,पूर्णाङ्क-२०, विश्वकप फुटबल ९४ विशेषांक)

- युरोपको समृद्ध राष्ट्रहरू हल्यान्ड, स्पेन, इटाली र स्विडेनले पहिलो विश्वकप एवं उरुग्वेले दोस्रो र तेस्रो विश्वकप बहिष्कार गरेका थिए। अन्तर्राष्ट्रिय फुटबल महासंघ (फिफा) समक्ष युरोपका ती चार राष्ट्रले प्रथम विश्वकप आयोजना गर्ने प्रस्ताव राखेका थिए। तर, फिफाले उरुग्वेमा गर्ने निर्णय गर्‍यो। फलस्वरूप उरुग्वेमा आयोजित प्रथम विश्वकपलाई ती चारवटै युरोपियन राष्ट्रले बहिष्कार गरे। त्यसै गरी १९३४ र १९३८ को दोस्रो र तेस्रो विश्वकप, जुन इटाली र फ्रान्समा भएको थियो। त्यस विश्कपमा सहभागी नभएर उरुग्वेले पनि बहिष्कारको बदला लिएको थियो।
- अन्तर्राष्ट्रिय फुटबल महासंघ (फिफा) ले सन् १९८६ को १३औं विश्वकप कोलम्बियाको राजधानी बोगोटामा गर्ने निर्णय गरे पनि त्यहाँको आर्थिक संकटका कारण राष्ट्रपतिले मेक्सिकोमा आयोजना गर्ने अनुरोध गरेकाले १३औं विश्वकप मेक्सिकोमा सम्पन्न भएको थियो।
- स्पेनमा सन् १९८२ मा आयोजित १२ औं विश्वकपका सर्वश्रेष्ठ खेलाडी इटलीका पाउलो रोसीलाई इटलीकै एक कम्पनीले जीवनभरि रक्सीको आपूर्ति गर्ने घोषणा गरेको थियो।

# हेराल्ड र लुम्बिनी च्याम्पियन

काठमाडौं, (नेस)



हेराल्ड र लुम्बिनी 'बी' ले प्रथम निब्स थ्री अन थ्री बास्केटबल प्रतियोगिताको उपाधि शुक्रबार जितेका छन्। मण्डिखाटारस्थित आयोजक नेसनल आइडियल हाई स्कुल (निब्स) को कोर्टमा भएको ब्वाइज फाइनलमा हेराल्डले भ्याली पब्लिकलाई १६-११ ले पराजित गर्‍यो। गर्ल्सको फाइनलमा लुम्बिनी 'बी' ले आफ्नै 'ए' टोलीलाई ८-७ को झीनो अन्तरले हरायो। ब्वाइजमा हेराल्डका सुनील मगर र गर्ल्समा लुम्बिनी 'बी' की सुनिमा कार्की 'मोस्ट भेलुएबल प्लेयर' चुनिए।



FIFA WORLD CUP RUSSIA 2018




# आत्मघाती गोलमा इरानको जित

सेन्ट पिटर्सबर्ग, (एजेन्सी)

रुसमा जारी विश्वकपअन्तर्गत शुक्रबार समूह बी को खेलमा इरानले आत्मघाती गोलको सहयोगमा जित हात पारेको छ।

सेन्ट पिटर्सबर्ग स्टेडियममा भएको खेल बराबरीतिर लम्किएको स्थिति उल्टियो इन्जुरी समयमा र इरानले मोरोक्कोलाई १-० गोलअन्तरले हरायो। यो इरानको विश्वकपमा दोस्रो जित हो। यसअघि १९९८ विश्वकपमा इरानले अमेरिकालाई २-१ ले हराएको थियो।

६ मिनेट थपिएको इन्जुरी समयको पाँचौं मिनेटमा इरानको फ्रिकिक पन्छाउने क्रममा अजीज बउहादुजले आफ्नै पोस्टमा गोल गरेका थिए। उनले इरानको फ्रिकिकलाई क्लियर गर्न हेड गर्दा बलले जाली चुम्न पुगेको थियो।

यो जितपछि इरानले ३ अंक जोड्दै पहिलो चरण पार गर्ने संभावनालाई बलियो पनि बनाएको छ। यद्यपि यो समूहमा अर्का दुई बलिया टोली स्पेन र पोर्चुगल सम्मिलित छन्। उता २० वर्षपछि पुन:विश्वकपमा छनोट भएको मोरोक्कोका लागि जित हात पार्न नसक्दा पहिलो चरणबाटै बिदा हुने संभावना भएको छ। टोलीले अन्य खेलमा स्पेन र पोर्चुगलको सामना गर्नुपर्नेछ। मोरोक्कोले खेलमा बढी दबाब बनाए पनि गोल गर्न सकेन।



इरानका एहसान हाजी साफीको क्रसलाई क्लियर गर्ने क्रममा मोरोक्कोका अजिज आफ्नै गोल पोस्टमा आत्मघाती गोल गर्दै।

## उरुग्वेको विजयी शुरूआत

मस्को, (एजेन्सी)

रसियामा जारी विश्वकप फुटबलअन्तर्गत समूह ए को दोस्रो खेल जित्दै उरुग्वेले विजयी शुरूआत गरेको छ।

खेलको ९०औं मिनेटमा डिफेन्डर जोसे गिमिनेजले हेडमार्फत गोल गर्दै उरूग्वेको तीन अंक पक्का गरेको हो। खेल अवधिभरि निकै रक्षात्मक खेल पस्केको इजिप्ट इन्जुरी समयको पहिलो मिनेटमा गोल बेहोर्न पुग्यो। कार्लोस सान्चेजको फ्रिकिकमा गिमिनेजले गोल गरेका हुन्। इजिप्टका लागि गोलकिपर एल-सेनावीले शानदार प्रदर्शन गरेका थिए। उनले खेलको दोस्रो हाफमा दुई राम्रो प्रहारको उत्कृष्ट बचाउ गरेका थिए। इजिप्टका चर्चित फरवार्ड मोहमद सलाह भने शुक्रबारको खेलमा सहभागी थिएनन्।

यता उरुग्वेले ५८ प्रतिशत बल पोजेसन बनाएको उक्त खेलमा गोलका लागि १५ पटक प्रयास गरेका थिए। जसको बदलामा इजिप्टले पटक मात्र गोलको प्रयास गरेका थिए। खेलपछि उरुग्वेका प्रशिक्षक ओस्कार तबरेजले उक्त समूहमा सो म्याच जित्नु भनेको अर्को चरणका लागि बाटो खोल्नु सरह भएको बताए। यस्तै इजिप्ट प्रशिक्षक हेक्टर कुपरले उरुग्वेविरुद्धको खेलमा भोगेको हारबाट आगामी खेलमा अझ राम्रो खेल्ने प्रयास गर्ने बताए। आफ्नो टोली सन्तुलित भएको तर मोहमद सलाहको कमी खट्किएको बताए। उनी टिमका महत्वपूर्ण खेलाडी भएको र आगामी खेलमा उनले खेल्ने बताए।

जितसंगै उरुग्वेले समूह 'ए' मा ३ अंक जोड्न सफल भएको छ। पहिलो खेलमा साउदी अरेबियालाई ५-० हराएको रुसको पनि समान ३ अंक भए पनि गोल भिन्नताका आधारमा रुस समूहको पहिलो स्थानमा रहेको छ। इजिप्ट र साउदी अरेबिया भने अंकविहीन बन्दै क्रमश: तेस्रो र चौथो स्थानमा छन्। यो खेलसँगै उरुग्वेले सन् १९७० यता विश्वकपमा पहिलोपटक पहिलो खेलमा विजय हात पारेको छ। इजिप्टले भने अहिलेसम्म पनि विश्वकपका खेलमा जित हात पार्न सकेको छैन।

## प्लेयर्स टु वाच


### लियोनेल मेसी
(अर्जेन्टिना)



पाँच पटकका फिफा प्लेयर अफ दी इयर र बालोन डे ओर अवार्ड विजेता लियोनेल मेसी स्पेनिस क्लब बार्सिलोनाका मुख्य खेलाडी हुन्। ५ फिट ७ इन्च उचाइ भएका ३० वर्षीय मेसी वर्तमान अर्जेन्टिना टिमका मेरुदण्डसमेत हुन्। उनी टिमका प्लेमेकरका रूपमा रहेका छन्। अट्याकिङ मिडफिल्डर र स्ट्राइकरको भूमिकामा उनी पोख्त छन्। सन् २००३ देखि स्पेनिस क्लब बार्सिलोनाको 'सी', 'बी' श्रेणी हुँदै २००५ मा 'ए' टिममा पुगेका हुन् मेसी। बार्सिलोनाको 'ए' टिममा १२ वर्ष बिताइसकेका मेसीले सोही क्रममा ४ सय १८ म्याचमा ३ सय ८३ गोल गरेका छन्। मेसीले सन् २००५ मा अर्जेन्टिनाको राष्ट्रिय टिममा डेब्यु गरेका थिए। यस क्रममा उनले राष्ट्रिय टिमका लागि १ सय २४ म्याचमा ६४ गोल गरेका छन्। उनी अर्जेन्टिनाका सर्वाधिक अन्तर्राष्ट्रिय गोलकर्तासमेत हुन्।




## टिट्स बिट्स




### पुटिनमाथि सोसियल मिडियामा ठट्टा

मस्को, (एजेन्सी)

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले विश्वकपको उद्घाटन समारोहमा सम्बोधन गर्दा माइकका कारण सोसियल मिडियामा ठट्टाको पात्र बनेका छन्। पुटिनले बोलिरहँदा माइकले गर्दा उनले सुटमै भुत्लाको ब्रा लगाएका झैं देखिएको भन्दै सोसियल मिडियाका फ्लोअर्सले ठट्टामा लिएका थिए।

ट्विटरका एक फ्लोअर्सले लेखे- 'कोही पुटिनलाई भन्नु कि उनले भुत्ला ब्रा लगाइरहेको झैं देखियो।'

अर्कोले ठट्टा गरे- 'पुटिनको साहस हो यस्ते ब्रा लगाउनु।'

### पेन्सनबाट विश्वकपको आनन्द लिने दम्पती

कलकत्ता, (एजेन्सी)

छिमेकी राष्ट्र भारतको कलकत्ताका एक दम्पतीले आफ्नो उमेरको वास्ता नगरी रुसमा विश्वकप हेर्न जाने भएका छन्। शुक्रबार रुसको यात्रा गर्ने यी दम्पतीले यसअघि लगातार ९ विश्वकपका खेल हेरिसकेका छन्। यो उनीहरूको १०औं विश्वकप हुनेछ।

बंगालका ८५ वर्षको पन्नालाल चटर्जी र उनकी ७६ वर्षीय श्रीमती चैताली विश्वकपको रंगशालामा गएर नै विश्वकपको आनन्द लिन चाहन्छन्। यो दम्पती पहिलोपटक १९८२ विश्वकप हेर्न स्पेन गएको थियो। त्यसपछि जहाँ विश्वकप आयोजना हुन्छ त्यही राष्ट्र जाने गरेका छन्। उनीहरूले आफ्नो पेन्सन बचाएर विश्वकप हेर्न जान ५ लाख भारु जम्मा गरेका छन्। पन्नालाललाई पेन्सन ११ हजार भारु आउँछ। हरेक ४ वर्षमा आउने विश्वकपका लागि उनले ३/४ हजार महिनामा बचाउने गर्छन्। तर, उनीहरूले नकआउट चरणका खेलको टिकट भने पाएनन्।




## महिला दर्शकको अलग रुप



मस्को, (एजेन्सी)

मस्कोस्थित लुजनीकी रंगशालामा विश्वकप उद्घाटनको दौरान महिला दर्शकको दुई अलग रूप देखिएको छ। आयोजक रुसका महिला दर्शक ग्ल्यामर देखिए भने साउदी अरेबियाका महिला दर्शक बुर्कामा थिए। उनीहरू आ-आफ्ना टोलीलाई समर्थन गरिहेका थिए। रुसी दीर्घातिरका ज्यादातर महिला ग्ल्यामर्स पोशाक लगाई क्यामेरामा हासिरहेका थिए। जबकि साउदीका महिला समर्थकका अनुहार छोपिएको थियो। केवल आँखा मात्र देखिएको थियो। अरब राष्ट्रका महिलाका लागि बुर्का अनिवार्य गरिएको छ भने फुटबल या कुनै पनि प्रतियोगिता हेर्न पनि बन्देज लगाइएको थियो। तर, साउदी सरकारले जनवरीमा आफ्ना महिला नागरिकका लागि रंगशालामा गएर फुटबल हेर्न अनुमति दिएको थियो। उनीहरूले आफ्नो टोली ५-० ले निरीह भएको हेरिरहे भने घरेलु महिला दर्शक हरेक गोलमा रमाइरहेका थिए।



## बिरालोको भविष्यवाणी मिल्यो

मस्को, (एजेन्सी)

२०१० को विश्वकपमा पउल नामक अक्टोपसले गरेको प्राय:जसो भविष्यवाणी मिलेको थियो। यहाँसम्म कि स्पेनले फाइनल जित्ने भविष्यवाणी पनि पउलले गरेको थियो। यस्तै रुसमा जारी विश्वकपमा पनि सेतो बिरालोले भविष्यवाणी गर्ने चर्चा चलेको छ। उसको भविष्य सही हुने दाबी रहेको छ। नभन्दै उद्घाटन खेलमा रुसले जित्ने उसको भविष्यवाणी सही सावित भएको छ।

सबैको आँखा सेन्ट पिटर्सवर्गमा रहेको हर्मिटेज म्युजियममा रहेको एचिलेस नामक बिरालोमा रहेको छ। उसले रुसमै सम्पन्न कन्फेडेरेसन कप-२०१७ मा चार विजेताको भविष्यवाणी गरेकोमा ३ सही भएको थियो। बिहीबार पनि रुस र साउदी अरेबियाबीचको खेलमा बिरालोले सही भविष्यवाणी गर्‍यो। ती देशका झण्डा र खानासहितको कचौरा उसको अगाडि राख्दा एचिलेसले रुसको झण्डा रहेको खाना खाएको थियो।

